# राष्ट्रिय प्रकृति संरक्षण कोष

केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर ।

# सिलबन्दी दरभाउपत्र आह्वानको सचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०५।१४)

यस कोषद्वारा सन् २०१९ (वि.सं. २०७५।०७६) को लागि क्यालेण्डर (भित्तेपात्रो) सिलवन्दि दरभाउपत्रको माध्यमबाट छपाई गरी खरीद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट मुद्रण सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त तथा मूल्यअभिवृद्धि करमा दर्ता भई कर चुक्ता भएका ईच्छुक फर्महरुबाट रितपूर्वकको सिलवन्दि दरभाउपत्र आह्वान गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विवरण | परिमाण | खरिदको प्रकृया |
|---|---|---|---|
| १. | कोषको सन् २०१९ (वि.सं. २०७५।०७६) को लागि क्यालेण्डर (भित्तेपात्रो) छपाई | ७,००० थान | सिलवन्दि दरभाउपत्र |

१. यो सूचना प्रकाशित भएको मितिबाट २०७५ भाद्र २८ गतेसम्म कार्यालय समय भित्र सम्बन्धित आर्थिक वर्षको नविकरण गरेको फर्म ईजाजत पत्र, आयकर प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, २०७३।०७४ को आयकर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु निवेदनसाथ संलग्न राखी सम्बन्धित पदाधिकारीको दस्तखत र कोषको छाप लागेको सिलवन्दी दरभाउपत्र फारम रु. १०००।- (अक्षरेपी एक हजार रुपैंयाँ) मात्र (फिर्ता नहुने गरी) तिरी यस कोषको केन्द्रीय कार्यालय, खुमलटार, ललितपुरबाट खरिद गर्न सकिनेछ ।

२. मिति २०७५ भाद्र २९ गते मध्यान्न १२:०० बजे भित्र सिलवन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्ने छ । दर्ता भएका दरभाउपत्रहरु मिति २०७५ भाद्र २९ गते दिनको १४:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा कोषको केन्द्रीय कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. क्यालेण्डर छपाईको विवरण (Specification) दरभाउपत्र फारमसाथ उपलब्ध हुनेछ । यसमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कोषको प्रशासन शाखामा वा टेलिफोन नम्बर ५५२६५७१, ५५२६५७३ मा सम्पर्क राख्न सकिनेछ । तथा अघिल्लो सालको क्यालेण्डर नमूनाको रुपमा हेर्न सकिने छ ।

५. सिलवन्दी दरभाउपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ । अंक र अंक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. सिलवन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र दाखिला हूने अन्तिम मितिवाट ४५ दिन हुनेछ । सिलवन्दी दरभाउपत्र पेश गर्न फर्म वा सप्लायर्सले जमानत रकम रु २०,०००।- (अक्षरेपी बीस हजार रुपैंया मात्र) मा नघटाई वाणिज्य बैंकबाट ७५ ( पचहत्तर) दिनको मान्य अवधि रहने गरी यस कोषको नाममा जारी गरेको बैंक जमानत (बैंक ग्यारेण्टी) को सक्कल प्रति पेश गर्नु पर्नेछ वा यस कोषको स्टयाण्डर्ड चार्टर्ड बैंक लिमिटेड, जावालाखेल, ललिपुरको चल्ती खाता नम्बर ०१-०००२७५५-०३ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

७. दरभाउ स्वीकृत भएको सूचना प्राप्त गर्ने दरभाउपत्रदाताले कवोल रकमको ५☐ (पाँच प्रतिशत) तथा लागत अनुमानको १५ प्रतिशत थप भन्दा कम मूल्य कबोल भएमा नियमानुसार हनु आउने थप रकममा हुन थप रकम नगदै वा कुनै वाणिज्य बैंकले कोषको नाममा जारी गरेको ६ (छ) महिनाको लागि मान्य हुने कार्य सम्पादन जमानत (परफमेन्स ग्यारेन्टी) निवेदनसाथ पेश गरि खरिद सम्झौता गर्नु पर्नेछ ।

८. दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्रमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसूरमा कुनै पनि सजाय नभएको भनी लिखित घोषणा गरेको कागजात दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

९. आवश्यक कागजातहरु नभएको, रित नपूगेको, म्याद नाघी आएको, कुनै शर्त राखेको, दरभाउपत्र सिलवन्दी लाहाछाप भई नआएको, निर्धारित ढाँचामा नभएको, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको सही तथा फर्म/कम्पनीको छाप नभएको, अपूरो किसिमले भरिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । साथै सिलवन्दी दरभाउपत्रको खाम बाहिर फर्म वा सप्लायर्सको नाम, ठेगाना लेखी छाप समेत लगाउनु पर्नेछ र क्यालेण्डर छपाईसँग सम्बन्धीत सिलबन्दी दरभाउपत्र भनी स्पष्टसँग लेख्नु पर्नेछ ।

१०. सिलवन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ ।

११. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कोषसँग सुरक्षित रहनेछ ।

१२. यो सूचनामा उल्लेख हून छुट भएका कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

**(मिति २०७५।०५।१४ गतेको गोरखापत्रमा प्रकाशित सूचना सँग सम्बन्धित)**